
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ११३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २४ गते सोमबार ❑ 6 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मुख्यमन्त्री अधिकारीलाई विश्वासको मत, काग्रेंसको विरोध

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नु भएको छ।

प्रदेश सभाको आइतबार बसेको बैठकमा सभामुख कृष्णप्रसाद धितालले मुख्यमन्त्री खगराज अधिकारीले राखेको विश्वासको मतको प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नु भएको हो।

विश्वासको मतको पक्षमा ३० मत प्राप्त हुदा विपक्षमा २७ मत परेको थियो भने । राप्रपाको २ मत पक्ष वा विपक्ष कसैलाई पनि नदिने मत २ परेको थियो । ६० सदस्यीय प्रदेश सभामा विश्वासको मतका लागि पछिल्लो समय सर्वोच्चले गरेको फैसला अनुसार सभामुख धितालले ३० मतलाई नै बहुमत मान्नु भएको हो। ६० सदस्यीय प्रदेश सभामा सभामुखसहित ६० सदस्य उपस्थित हुनु भएको थियो । मुख्यमन्त्री अधिकारीका पक्षमा



एमालेका २२, माओवादीका ७ (सभामुख बाहेक) र एक जना स्वतन्त्र सांसद पक्षमा मत दिनु भएको थियो भने २ सिट रहेको राप्रपा तटस्थ बस्यो।

नेपाली कांग्रेसले विपक्षमा मतदान गरेको थियो । सर्वोच्चले पछिल्लो समय सभामुख बाहेक नै ३० मत देखिएको भन्ने व्याख्या गरेको थियो । सभामुखलाई नगन्दा सांसद ५९ रहेको र बहुमत ३० हुने व्याख्यालाई टेकेर सभामुख कृष्णप्रसाद धितालले मुख्यमन्त्री अधिकारीले विश्वासको मत पाएको घोषण गर्नुभएको हो।

संविधान मिच्न पाइदैन, असंबैधानिक कदम खारेज गर भन्दै नेपाली काग्रेंसका सांसदहरुले नारा जुलुस गरी सभामुखलाई तर्फ जान थाले पछि मर्यादा पालकहरुले छेक्नु भएको थियो । मुख्यमन्त्री अधिकारीले जेठ १५ भित्र बजेट ल्याउनु पर्ने बाध्यता भएको अबस्थामा सरकार गठन प्रकृयामा धेरै अलमल पर्न नहुने बताउदै प्रदेशको हितको लागि आफुहरुले सहकार्य गर्न तयार रहेको बताउनु भएको थियो । नेपाली काग्रेंस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले देशमा अस्थिरता कसले निम्ताएको छ भन्दै प्रश्न गर्दै असंवैधानिक कदम बिरुद्ध बिरोध गर्ने चेतावनी दिनुभयो । आफुहरु न्यायीक आन्दोलनमा लाग्ने उहाँले बताउनुभयो । प्रदेशसभाका सभामुख कृष्ण धिताललाई नेपाली कांग्रेसले संसद् बैठकमै कालोझण्डा देखाइएको छ । आइतबार बसेको प्रदेशसभा बैठकमा कांग्रेस सांसदहरूले सभामुखलाई कालो झण्डा देखाएका हुन् ।

मुख्यमन्त्री अधिकारीलाई विश्वासको मत दिएपछि नेपाली कांग्रेसका सांसदहरुले कालो झण्डा प्रर्दशन गर्दै नाराबाजी गर्नु भएको थियो। सभामुखले असंवैधानिक बाटोबाट मुख्यमन्त्रीलाई बहुमत पुगेको घोषणा गरेको भन्दै कांग्रेस सांसदहरूले कालोझण्डा प्रर्दशन गर्दै विरोध गर्नु भएको थियो।

## जसपाका सात सांसदद्वारा आयोगमा निवेदन दर्ता

**रासस**
काठमाडौं, २३ बैशाख

जनता समाजवादी पार्टी (जसपा) नेपाल विभाजनका सङ्घारमा पुगेको छ । सो पर्टीका सात सांसदले आइतबार निर्वाचन आयोगमा पार्टीको आधिकारिता दाबी गर्दै निवेदन दिएका छन् ।

जसपाका नेता अशोक राई नेतृत्वको समूहले आधिकारिकता दाबी गर्दै निर्वाचन आयोगमा निवेदन दिएको जसपाका सांसद सुशीला श्रेष्ठले राससलाई जानकारी दिनुभयो । "अहिले हामी सांसदहरू सातजना छौँ, अरू पनि थुप्रै आउनुहुन्छ । उहाँहरू सम्पर्कमै हुनुहुन्छ", सांसद श्रेष्ठले भन्नुभयो ।

सांसद श्रेष्ठले आफ्ना मुद्दालाई जनतासमक्ष प्रभावकारी रूपमा लैजान र आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन अहिलेको बाटो तय गरेको दाबी गर्नुभयो । उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्रीसमेत रहेका जसपा अध्यक्ष उपेन्द्र यादव अमेरिका भ्रमणमा रहेका बेला अको समूहले निर्वाचन आयोगमा आधिकारिकता दाबी गरेको हो । निर्वाचन आयोगका सहायक प्रवक्ता रामदत्त पाण्डेयका अनुसार जसपाका सांसदहरूले निवेदन दर्ता गराएको र सोको अध्ययन भइरहेको छ ।

जसपाको सङ्घीय संसद्मा १२ सांसद हुनुहुन्छ। उहाँहरूमध्ये सात सांसदले निर्वाचन आयोगमा निवेदन दर्ता गराउनुभएको हो । निवेदनमा हस्ताक्षर गर्नेमा अशोक राई, नवलकिशोर साह सुडी, प्रदीप यादव, रञ्जु झा, वीरेन्द्र महतो, हसिना खान र सुशीला श्रेष्ठ रहनुभएको छ । त्यस्तै, केन्द्रीय कार्यकारिणी समितिका नौ र केन्द्रीय समितिका २७ जनाले राई समूहलाई साथ दिएको बताइएको छ ।

## खडेरीले पानीको स्रोत कम हुँदै जान थालेपछि वैकल्पिक स्रोतको खोजी

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

लामो समयको खडेरीका कारण पानीको स्रोत कम हुँदै गएपछि पोखरा महानगरपालिका-३३ भरतपोखरीस्थित खुर्वादी हुडिकोट लिफ्टिङ खानेपानी योजनाका लागि स्थानीयले वैकल्पिक स्रोत खोजेका छन् ।

पानीको स्रोत भएको स्थान खुर्वादीबाट लिफ्टिङ गरेर बर माझथरको सिरान हुडिकोटसम्म पुऱ्याइएको पानी यहाँका ११३ घरधुरीले उपयोग गरिरहेकोमा खडेरीका कारण पानीको स्रोत कम हुन थालेको स्थानीय युवा एवम् पावनडाँडा छविसे सामुदायिक बन उपभोक्ता समूहका सदस्य परमेश्वर पौडेलले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त योजनाअन्तर्गत हाल रहेको पानीको स्रोत खडेरीका कारण सुक्दै गएपछि दैनिक खानेपानी आपूर्तिमा समस्या आएका कारण वैकल्पिक स्रोतको खोजी गरिएको हो । "वैकल्पिक स्रोत खोज्ने क्रममा खुर्वादीको हालको खानेपानीको मूल रहेको स्थानबाट नजिकै अर्को स्थानमा पानीको स्रोत फेला परेको छ", उहाँले भन्नुभयो, "उक्त स्थानको पानी समेत मुल ट्याङ्कीमा जम्मा गरी स्रोत बढाउन लागेका हौँ ।"

स्थानीयवासीका जनश्रमदानमा वैकल्पिक पानीको स्रोत खोजिएको पौडेलले जानकारी दिनुभयो । लामो समयको खडेरीले ग्रामीण क्षेत्रका अधिकांश स्थानका परम्परागत पानीका मूल तथा कुवा सुक्दै गएको स्थानीयवासी बताउँछन् । ठाउँठाउँमा लागेको डढेलोका कारण कतिपय स्थानमा पानी ल्याइएका पाइप डढ्दा पनि समस्या बढ्दै गएको छ ।

## पोखरामा पौडी खेल्ने क्रममा एक बालकको ज्यान गयो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

पोखरामा पौडी खेल्ने क्रममा एक बालकको ज्यान गएको छ।

पोखरा महानगरपालिका वडा नं. १८ खपौदी स्थित हर्पन खोलामा पौडी खेल्ने क्रममा एक बालकको ज्यान गएको कास्की प्रहरीले जनाएको छ । पोखरा महानगरपालिका- ५ मालेपाटन बस्ने करिब १५ का सोनम सुवेदी पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका एसपी बसन्तकुमार शर्माले बताउनु भयो।

पौडी खेल्ने क्रममा बेपत्ता हुनु भएको सुवेदीको मृत्यु भएको अबस्थामा भेटिएको कालिका गणका गणपति एसपी अरुण पौडेल शर्माले बताउनु भयो । सुवेदीसंगै पौडी खेल्न जानु भएको अर्को वालकले स्थानीय मार्फत सशस्त्र प्रहरीलाई जानकारी गराएसंगै उहाँको खोजी गर्दा मृत्यु भएको अबस्थाबाट शव निकालिएको उहाँले जनाउनु भयो।

उक्त शव पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) मा राखिएको छ । उक्त घटनाको बिषयमा अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

## डढेलोले स्याङ्‌जामा दुई हजार हेक्टर वन क्षेत्रमा क्षति

**पोखरापत्र संवाददाता**
वालिङ, २३ बैशाख

डढेलोले स्याङ्जामा झण्डै दुई हजार हेक्टर वन क्षेत्रमा क्षति भएको छ।

जिल्लाका विभिन्न ११ स्थानीय तहमा रहेका एक सय १३ वनमा आगलागी हुँदा एक हजार आठ सय ६१ हेक्टर क्षेत्रफलमा क्षति भएको डिभिजन वन कार्यालय स्याङ्जाका सूचना अधिकारी अमरबहादुर पराजुलीले जानकारी दिनुभयो । फागुन महिनाको पहिलो सातादेखि सामुदायिक वन र राष्ट्रिय वनमा आगलागी हुँदा सल्ला, चिलाउने, कटुस, साल, सिसौलगायत बोटबिरुवा जलेर नष्ट भएका पराजुलीले बताउनुभयो ।

वन विनाशको मुख्य कारण मानिएको डढेलोले वर्सैनी यहाँ



लाखौँ मूल्य बराबरको क्षति तथा काठ दाउराजस्ता वनजन्य स्रोत जलेर नष्ट हुने गरेका उहाँको भनाइ छ । "बहुमूल्य बोटबिरुवा र काठदाउरा मात्रै होइन डढेलोले ठूलो सङ्ख्यामा चितुवा, मृग, खरायो, दुम्सीजस्ता वन्यजन्तुको मर्नुका साथै बासस्थानको नास हुने गरेको छ । यसले यहाँको वन क्षेत्रले ठूलो नोक्सानी बेहोर्नुपरेको छ", पराजुलीले भन्नुभयो । वनमा लागेको आगो स्थानीय उपभोक्ता, वन कर्मचारी, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा दमकलको सहायतामा नियन्त्रणमा लिने गरिएको छ । वनभोज जाने समूहले वनमा खाने कुरा पकाएपछि राम्रोसँग आगो ननिभाई छाड्ने, पाइपमर्मत गर्दा आगोको प्रयोग गर्ने तर ननिभाई छाड्ने, चुरोट तथा बिंडीका ठुटा जथाभावी फाल्ने, वनसँग जोडिएका खेतबारीमा सुकेका पात पतिङ्गर जलाउनेजस्ता कारणले आगलागी घटना बढ्दै भएका छन् । उहाँ भन्नुहुन्छ, "उपभोक्ताले झाडी सफाइ, कटनीछटनीजस्ता वन व्यवस्थापनका कार्य, वनभित्रका वनपथ तथा अग्निरेखा सुक्खायाम अगावै राम्ररी सफा गर्नसके आगलागी नहुन सघाउ पुग्थ्यो तर त्यस्ता काम हुनसकेका छैनन् । त्यसैले अब भने प्राकृतिक सम्पदाको विनाशलाई रोक्न र कम गर्न सबै सचेत र जागरुक हुन आवश्यक छ ।" वनमा आगो लगाउन वा आगलागी हुनजाने कुनै कार्य गर्नुलाई कसुर मानिएको छ । वनसम्बन्धी कसुर गर्नेलाई वन ऐन २०७६ को दफा ५० (४) बमोजिम विगो असुल गर्ने व्यवस्था छ। कसुर गर्नेलाई रु ६० हजारसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था भएकाले कसुर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा सूचना दिन पनि डिभिजन वन कार्यालय स्याङ्जाले अनुरोध गरेको छ।

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।**

**डढेलोले,**
◆ वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
◆ वातावरणीय प्रदूषण बढाउँछ,
◆ भू-क्षय बढाउँछ,
◆ पानीको मूल सुकाउँछ,

**त्यसैले,**
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लाइफटाइम अचिभमेन्ट अवार्ड ईन्द्रा मल्ललाई अर्पण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको 'आठौँ पोखरा स्पोर्ट्स अवार्ड २०८०'मा लाइफटाइम अचिभमेन्ट अवार्ड एथ्लेटिक्सकी ईन्द्रा मल्ललाई अर्पण गरिने भएको छ।

प्रतिभा छनोट समितिको बैठकले सिफारिस गरेकोमा मञ्चको कार्यसमिति बैठकले त्यसलाई अनुमोदन गरेसँगै यसपाली मल्लले अवार्ड पाउने निश्चित भएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए। मल्ललाई वैशाख २८ गते दिउँसो ३ बजेबाट पोखरा सभागृह हलमा सुरु हुने भव्य कार्यक्रममा चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सहित सम्मान अर्पण गरिनेछ। यस अगाडि मञ्चले यो अवार्डबाट कृष्ण थापा, खड्गबहादुर रानाभाट, डा.वीरेन्द्रसिंह गुरुङ, चित्र बहादुर गुरुङ, आनन्द रञ्जित, गणेशबहादुर भट्टराई र विद्या प्रसाद मर्सानीलाई सम्मान अर्पण गरिसकेको छ।

कहिल्यै नथाक्ने ईन्द्रा

एथ्लेटिक्सकी ईन्द्राकुमारी मल्ल कहिल्यै नथाक्ने खेलाडीका रुपमा परिचित छिन्। हुनपनि ४० वर्षदेखि खेलकुदमा जीवन समर्पित गरेकी ईन्द्रा अहिलेपनि त्यसैका लागि अहोरात्र खटिन्छिन्। महिला चुलोचौकामा सिमित् हुने समयमा खेलकुदमा स्वर्णिम अक्षरले नाम लेखाउने ईन्द्रा त्यस समयकी ज्योति हुन्। घरबाट बाहिर निस्किदा कुरा काट्ने समयमापनि पुरुष सरह खेलेर गर्विलो इतिहास बनाएकी उनी खेलकुद क्षेत्रकी एक्ली बृहष्पती हुन् भन्दा फरक नपर्ला। वि.सं.२०२४ सालमा भारतको अम्बला केन्ट पञ्जावमा बुबा स्व.टीकाबहादुर मल्ल र आमा लक्ष्मीकुमारी मल्लको कोखबाट जन्म लिएकी ईन्द्रा सानैदेखि खेलकुदप्रति रुची राख्थिन्। लाहुरे बुबाका कारण भारतमै कक्षा ७ सम्म अध्ययन गरेकी उनी विद्यालय स्तरीय प्रतियोगिताहरुमा भाग लिईर हन्थिन्। कक्षा ८ अध्ययन गर्नभने उनी आफ्नो पुर्ख्यौली थलो स्याङ्जा पुतलीबजार फर्किईन् र त्यहिंको कोल्मा वराह माविमा अध्ययन गर्न थालिन्। त्यहाँपनि उनी विद्यालय स्तरिय विभिन्न खेलकुद प्रतियोगिताहरुमा भाग लिईरहन्थिन्। ईन्द्राको बुबा स्वर्गिय टीकाबहादुर मल्ल भारतीय पल्टनमा काम गर्थे। उनी बक्सिङका नामुद खेलाडी थिए। ईन्द्राका बुबामात्र होईन मामा यामबहादुर शाहीपनि बक्सिङका खेलाडी थिए। तीनै बुबा र मामाको प्रेरणामा ईन्द्राले क्याम्पस जीवनमापनि खेलकुदलाई निरन्तरता दिईन्। उनी एथ्लेटिक्ससहित भलिबल, बास्केटबल, टेबलटेनिसलगायतका खेलहरु खेल्थिन्। तर विशेष रुची भने एथ्लेटिक्समै थियो। खास गरेर उनी एक सय मिटर, दुई सय मिटर, चार सय मिटर दौडमा सँधै प्रथम हुन्थिन्। पछि १ हजार ५ सय मिटर, ३ हजार मिटर, ५ हजार मिटर र १० हजार मिटरको धाविका बनिन्। जीवन नै खेलकुदका लागि समर्पित गरेकी ईन्द्राले धेरैपटक खेलकुदका लागि त्याग गरेकी छन्। उनले खेलकुदकै लागि कहिले पढाई त्यागिन् त कहिले स्थायी जागिर। वि.स.२०५६ सालतिर ईन्द्रा एम.एड.अध्ययन गरिरहेकी थिईन्। त्यहिबेला उनलाई भारतमा नेसनल ईन्ष्टिच्यूट अफ स्पोर्टस् (एनआईएस)मा डिप्लोमा गर्ने अवसर आयो। पढाई र खेल मध्ये एक रोज्नुपर्ने बेलामा उनले किञ्चित नसोंची खेलकुद रोजिन्। त्यतिमात्र होईन उनले शिक्षिकाको स्थायी जागिर छाडेर खेलकुद राजेको इतिहास छ। २०४० सालदेखि अस्थायी र २०४५ सालदेखि प्राविको स्थायी शिक्षिका बनेकी उनले २०५० सालमा आएर शिक्षिकाको स्थायी जागिर कि खेलकुदमा सहायक प्रशिक्षकको अस्थायी जागिर छान्ने दिन आयो। तर यसमापनि उनले दोधार नभई खेलकुद नै रोजिन्। खेलकुदमा लागेर उनले धेरै पाएकी छन्। नाम, दामसँगै ईज्जतपनि पाएकी छन्। ईन्द्रा मल्ल कसैले चिन्छ भने त्यो खेलकुदले नै दिएको हो। खेलकुदबाहेक अर्को केहि नसोंचेकी उनलाई खेलकुदमा राजनीति भएर अवसरबाट बञ्चित गराईंदा भने दुःख लाग्छ। जापानको टोकियोमा भएको ३२ औं ओलम्पिकमा उनी एथ्लेटिक्सको कोच बनेर जाने पक्का भयो। ओलम्पिक कमिटीले नामपनि पठायो। तर कोभिड जाँच्दा पोजिटिभ आयो। विरामी नै नभएको उनको कोभिड पोजिटिभ आएपछि उनी तीनछक्क परिन्। त्यसपछि उनी फरक/फरक अस्पतालमा जाँच्न गईन्। तर त्यो अस्पतालबाहेक अन्य अस्पतालमा जचाउँदा कोभिड पोजिटिभ आएन। त्यहि बहानामा उनलाई रोकेर अर्कैलाई ओलम्पिकमा पठाइयो। त्यसपछि मात्र षडयन्त्रपूर्ण ढंगबाट रोकेको उनले चाल पाईन्। त्यसपछि भने उनलाई खेलकुदमा फर्किन मन लागेन। तर मन कहाँ मान्थ्यो र ? खेलकुदलाई नै जीवन मानेकी उनी मनले नमान्दानमान्दै पनि खेलकुदमा फर्किईन्।

त्यस्ता उदाहरणहरु धेरै छन्। पदकको आशा गरेर प्रशिक्षण लिएकी उनले कति पटक त प्रतियोगितामै भाग लिन पाईनन्। तेश्रो साफका लागि उनी वाल्किङ १० किलोमिटरमा प्रथमहुँदै नेपालबाट छनौट भएकी थिईन्। तर दुर्भाग्य भन्नुपर्छ अन्तिम समयमा आएर सो स्पर्धा क्यान्सिल भयो। त्यहि प्रतियोगिताका लागि भनेर झण्डै १० महिना प्रशिक्षण लिएकी उनी सहभागि हुन नपाएपछि निराश भईन्। हुन त उनी १ हजार ५ सय मिटर, ३ हजार र १० हजार मिटरको दौडकी धाविकापनि हुन्। तर अफिसियलले उनलाई सो स्पर्धाका लागि लगेनन् बरु उनको सट्टा मेनुका राउतलाई लगियो। सानो दुरीकी धाविका मेनुकाले त्यसबेला ३ हजार मिटर दौडमा सिल्भर मेडल जितिन्। मेनुका भन्दा कयौं गुणा अब्बल उनी आफू भएको भए त्यसबेला त्यो भन्दा ठूलो मेडल जित्नसक्ने आंकलन गर्दै थकथकाउँछिन्। आफ्नो समयकी उम्दा खेलाडी ईन्द्राले कयौं दर्जनौं पदक जितेकी छन् भने राष्ट्रिय रेकर्डहरुपनि कायम गरेकी छन्। चौथो राष्ट्रिय खेलकुद प्रतियोगिताको १० किलोमिटर वाल्किङमा स्वर्ण पदक जितेकी उनले ३२ औं राष्ट्रिय च्याम्पीयनसीपमापनि प्रथम स्थान हासिल गरिन्। ३० औं राष्ट्रिय च्याम्पीयनसीपमा हाल्फ म्याराथनमा रजन पदक, १० किलोमिटर वाल्किङमा स्वर्ण जितेकी उनले दोश्रो र तेश्रो राष्ट्रिय क्रस कन्ट्री च्याम्पीयनसीपमा गोल्ड मेडल जितेकी छन्। २६ औं राष्ट्रिय खेलकुद प्रतियोगितामा चौथो स्थान हासिल गरेर राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएकी उनले २७ औं राष्ट्रिय खेलकुद प्रतियोगिताको १० किलोमिटर वाल्किङमा स्वर्ण, २८ औं राष्ट्रिय खेलकुदको १० किलोमिटर वाल्किङमा स्वर्ण र १० किलोमिटर दौडमा रजत पदक जितेकी छन्।



त्यसबाहेक उनले भारतमा भएको आठौं एसियन ट्र्याक एण्ड फिल्ड च्याम्पीयनसीपको १० किलोमिटर वाल्किङमा सातौं, ५१ औं सिंगापुर ओपन च्याम्पीयनसीपको पाँच किलोमिटर वाल्किङमा चौथो, क्यानडामा भएको सेकेण्ड वर्ल्ड जुनियर ट्र्याक एण्ड फिल्ड च्याम्पीयनसीपको ५ किलोमिटर वाल्किङमा २३ औं स्थान र सिंगापुरमै भएको दोश्रो एयिसन जुनियर ट्र्याक एण्ड फिल्ड च्याम्पीयनसीपको ५ किलोमिटर वाल्किङमा चौथो स्थान हासिल गरेकी छन्। त्यस्तै उनले सन १९९५ मा भएको पेप्सी अन्नपूर्ण ट्रायथलन प्रतियोगितामा पहिलो महिला खेलाडीका रुपमा नाम लेखाएकी ईन्द्राले द हिमालयन माउन्टेन बाईक च्याम्पीयनसीपमापनि पहिलो नेपाली खेलाडीका रुपमा नाम दर्ज गराईन्। त्यतिमात्र होईन उनी एभरेस्ट म्याराथनमा दौडिने पहिलो महिला खेलाडीपनि हुन्। खेलकुदमा जीवन समर्पित गर्दा विवाहबारे सोंच्नै भुलेकी ईन्द्रा अहिले पोखरा-५ मालेपाटनमा बस्छिन्। खेलकुदसँगै विवाह भयो भन्ने गरेकी ईन्द्रा दैनिक रुपमा ५ बजे उठ्छिन्। उठेदेखि सुत्नेबेलासम्म फुर्सद नहुने उनी अहिलेपनि दैनिक रंगशाला पुग्छिन्। त्यहाँ चेलाचेलीलाई केहिबेर सिकाउँछिन् र आफ्नो फिटनेसका लागिपनि समय खर्चिन्छिन्। फुर्सद मिल्ने वित्तिकै रंगशाला आउने उनी बेलुका ४ बजेदेखि ६ बजेको समयपनि प्रायः रंगशालामै बिताउँछिन्। अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड सहित वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले जनाए।

मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी ईलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ। त्यसबाहेक अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही ३५/३५ हजार प्रदान गर्दछ।

# निलिषा र समीर पोखरा चाइल्ड स्टार

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख



पोखरा चाइल्ड स्टार सिजन-२ को उपाधि निलिषा गुरुङ र समीर कुमालले जितेका छन्। केटीतर्फ फस्ट रनरअप ईन्दु सेन, सेकेण्ड रनरअप नज्योसा सिंह ठकुरी, थर्ड रनरअप शिरीषा पौडेल, फोर्थ रनरअप स्वेच्छा क्षेत्री भए। केटातर्फ फस्ट रनरअप जोनाथान बाबु लम्साल भए। सेकेन्ड रनरअप इभान रावत र थर्ड रनरअप कृशव सुवेदी बने।

नन्द इन्टरटेनमेन्ट हाउसले पोखराा आयोजना गरेको उक्त इभेन्टमा १४ जनाले भाग लिएकोमा फाइनलमा ९ जना पुगेका थिए।

कार्यक्रममा चाइल्ड स्टार सिजन-१ विजेता विल्सन ठकुरीको म्यूजिक भिडियो लोकार्पण गरियो। साथै, साहित्य सम्राट तथा अलौकिक कवि देशभक्त कुँवर, संकेत अगस्ती र गायक विश्वराज न्यौपानेलाई सम्मान गरियो।

निर्णायक मण्डलको प्रमुख डा. जग्गनाथ रेग्मी थिए। अन्य निर्णायकमा मोडल विराज बास्कोटा, मोडेल तथा गायिका एलिना थपलिया, समाजसेवी तथा शिक्षिका जमुना गिरी थिए भने। निर्णायक व्यवस्थापनमा प्राडा यमबहादुर पौडेल क्षत्री थिए।

विजेतालाई प्रमुख अतिथि एसएसपी शारदाप्रसाद चौधरीबाट अवार्ड, ताज तथा प्रमाणपत्र वितरण गरिएको थियो।

पूजा शर्मा र रोहन गुरुङको कोरियोग्राफी रहेको कार्यक्रमको संचालन सुमी पुरी र देवेन्द्र शाहीले गरे भने स्वागत सोनी पुरीले गरिन्। समापन आइक्यास पोखराका प्रबन्ध निर्देशक समीर थापाले गरेका थिए। नन्द इन्टरटेनमेन्ट हाउसले यसअघि गण्डकी डान्स, सोसल अवार्ड जस्ता कार्यक्रम गरिसकेको छ।

# पिसीएममा पाइथन प्रोग्रामिङ तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख




पोखरा कलेज अफ म्यानेजमेन्ट (पिएमसी) का विद्यार्थीका लागि पाइथन प्रोग्रामिङ तालिम सम्पन्न भएको छ।

विश्वविद्यालय अनुदान आयोगको सहयोगमा सञ्चालित पाँच दिने तालिममा कलेजमा अध्ययनरत विद्यार्थीको उत्साहजनक सहभागिता रह्यो।

राष्ट्रिय आविस्कार केन्द्रका ७ जना श्रोत व्यक्तिले विद्यार्थीलाई पाइथन प्रोग्रामिङबारे सहजीकरण गरेका थिए। राष्ट्रिय आविस्कार केन्द्र पोखराका कोओर्डिनेटर हरि बहादुर पहारीको प्रमुख आतिथ्यतामा शुभारम्भ र पोखरा विश्वविद्यालय व्यवस्थापन संकायका डीन डा. दयाराज ढकालको प्रमुख आतिथ्यतामा तालिम समापन भएको थियो। प्रमुख अतिथिद्वयले यस्ता प्राविधिक तालिमले विद्यार्थीको क्षमतामा अभिवृद्धि हुने बताए। अबको समय प्रविधिकै समय भएकाले प्राविधिक ज्ञान अपरिहार्य रहेको बताए। कलेजकी प्रिन्सिपल लिना नेगी श्रेष्ठले यस्ता उपयोगी कार्यक्रमलाई कलेजले सधैं स्वागत गर्ने बताइन्।

कलेजकी प्रिन्सिपल लिना नेगी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा बीबीए कार्यक्रम संयोजक हरि अधिकारीले स्वागत एवं बीसीआइएस संयोजक हरि प्रसाद बरालले सञ्चालन गरेका थिए।

# काठमाडौँ उपत्यकासहित पहाडी भूभागमा सामान्य वर्षा

**रासस**
काठमाडौं, २३ बैशाख

कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भूभागमा मेघगर्जन र चट्याङ्गसहित वर्षा भएको छ। शनिबार काठमाडौँ उपत्यका पनि सामान्य वर्षा भएको छ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार पश्चिमी वायु र स्थानीय वायुको प्रभावले ती स्थानमा वर्षा भएको हो। गण्डकी प्रदेश क्षेत्रमा जम्मा भएर बसेको स्थानीय वायु दक्षिण-पूर्वी क्षेत्रमा सरिरहेको र यसको प्रभावका कारण केही स्थानमा हल्का वर्षा भएको विभागका मौसमविद् सरोज पुडासैनीले राससलाई जानकारी दिनुभयो।

कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भूभागमा मेघगर्जन र चट्याङ्गको अनुमान गरिएको छ। उच्च हिमाली भूभागमा भने हल्का हिमपातको पूर्वानुमान पनि महाशाखाले गरेको छ। सोमबार दिउँसो कोशी, गण्डकी र कर्णालीलगायत देशका पहाडी भूभागमा आंशिकदेखि साधारण बदली भई अन्य स्थानमा भने मौसम सफा रहने अनुमान गरिएको छ। सोमबार राति भने कोशी र मधेश प्रदेशलगायत देशका पहाडी भूभागमा आंशिक बदली हुने छ।


त्यस्तै, पर्सि मङ्गलबार देशभर आंशिक बदली हुने मौसमविद् पुडासैनीले बताउनुभयो। स्थानीय वायुको प्रभावले अहिले छिटपुट वर्षा देखिए पनि यो लामो समयसम्म भने नरहने उहाँको भनाइ छ।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# फुट्यो जसपा

प्रतिनिधिसभामा १२ सिट रहेको जनता समाजवादी पार्टी (जसपा) आइतबार अचानक फुटेको छ। जसपाका बरिष्ठ नेताा अशोक राईको नेतृत्वमा जसपा फुट्न लागेको समाचारले सबै दललाई तरंगित बनाएको छ। प्रचण्ड नेतृत्वको सरकार ढाल्नका लागि खेल शुरु भएपछि साना दलहरुमा पराकाम्पन जाने त होइन भन्ने आशंका उब्जिएको छ। एमाले-माओवादी नेतृत्वको सरकारलाई जोगाउन र माधव नेपालले गरिरहेको प्रधानमन्त्री बन्ने कसरतलाई असफल बनाउन जसपामा विभाजन गरिएको अनुमान छ। तर, पार्टी विभाजनमा सोही दलका नेताहरुको मात्रै सक्रियता थियो या एमाले माओवादीको हस्तक्षेपले पनि काम गरेको हो ? यो रहस्यको पोको खुल्न अझै बाँकी छ।

पार्टी अध्यक्ष उपेन्द्र यादव अमेरिका भ्रमणबाट नफर्कँदै आइतबार जसपा फुटाइएको छ। स्वदेश फर्केपछि अध्यक्ष यादवले प्रचण्ड सरकारलाई दिएको समर्थन फिर्ता लिने र माधव नेपाललाई बहुमत पुर्याउन सघाउने प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीलाई डर थियो। जबकि यादव प्रचण्ड सरकार जनाले भने प्रचण्ड सरकारलाई नै साथ दिने छन्। यो विभाजन प्रचण्ड नेतृत्वको सरकारलाई ढाल्नका लागि नभई जोगाउनका लागि भएको देखिएको छ। अशोक राईको नेतृत्वमा ७ सांसदले गरेको दल विभाजनमा बहालवाला वनमन्त्री नवलकिशोर साह सुडीसमेत सहभागी हुनुले पनि के पुष्टि गर्छ भने अशोक राईको नेतृत्वमा फुटेको जसपा प्रतिपक्षमा बस्नका लागि नभई सरकारमै रहनका लागि हो भन्ने बुझ्न सकिन्छ। सरकारको स्थायित्वबारे कुरा गरेका थियौं तर नेतृत्व त्यता ध्यान नदिएपछि हाम्रो विकल्प भएन' जसपा नेता एवं मन्त्री साह सरकारलाई स्थिरता दिनका लागि पार्टी विभाजन गरेका छन। प्रचण्ड नेतृत्वको सरकारले पछिल्लो पटक विश्वासको मत लिँदा पक्षमा १५७ मत खसेको थियो।

माधव नेपालको पार्टीले समर्थन झिक्दा सरकारको मत १४७ हुन जान्थ्यो। यसमा जसपाका १२ सांसद सरकारबाट बाहिरिँदा प्रचण्ड नेतृत्वको सरकारलाई १३५ जनाको मात्र समर्थन रहन गई अल्पमतमा पर्ने र ढल्ने डर थियो। संसदमा २१ सिटको प्रतिनिधित्व गरिरहेको रास्वपाभित्र पनि सरकारमा बस्ने कि प्रतिपक्षमा बस्ने भन्ने विवाद बढेको छ। इलामको उपनिर्वाचनमा अपेक्षित परिणाम नआउनुको एउटा कारण गठबन्धन सरकारमा सहभागी हुनु पनि हो भन्ने बुझाइ रास्वपाका नेताहरुमा छन्। एमालेका ७८ र माओवादीका ३२ गरी ११० सांसद सरकारको पक्षमा छन्। जसपाका विद्रोही ७ सांसद जोड्दा ११७ पुग्छ। ६ सिटको जनमत पार्टी सरकार बाहिरै छ। यो स्थितिमा १० सिटको एकीकृत समाजवादी बाहिरियो र ४ सिटको लोसपा पनि बाहिरै रह्यो भने प्रचण्ड सरकार टिकाउन रास्वपाको समर्थन अपरिहार्य छ। रास्वपा पनि बाहिरयो भने राप्रपाको समर्थ सरकार टिकाउन अर्को पार्टी फुटाउँदै जाने हो भने अब रास्वपा, एकीकृत समाजवादी वा राप्रपालाई पनि फुटाउने खेल त हुने होइन ? यो प्रश्न पनि सतहमा आएको छ।

सत्ताको खेलका लागि गठबन्धन फेर्ने विकृति त ०७९ साल यता देखिएकै हो, तर अब सरकार टिकाउन पार्टी फुटाउने अर्क एमालेका ७८ र माओवादीका ३२ गरी ११० सांसद सरकारको पक्षमा छन्। जसपाका विद्रोही ७ सांसद जोड्दा ११७ पुग्छ। ६ सिटको जनमत पार्टी सरकार बाहिरै छ। यो स्थितिमा १० सिटको एकीकृत समाजवादी बाहिरियो र ४ सिटको लोसपा पनि बाहिरै रह्यो भने प्रचण्ड सरकार टिकाउन रास्वपाको समर्थन अपरिहार्य छ। रास्वपा पनि बाहिरयो भने राप्रपाको समर्थन आवश्यक पर्छ। तर, राप्रपाभित्र सरकारमा नजान ठूलो दबाव छ। सरकार टिकाउन अर्को पार्टी फुटाउँदै जाने हो भने अब रास्वपा, एकीकृत समाजवादी वा राप्रपालाई पनि फुटाउने खेल त हुने होइन ? यो प्रश्न पनि सतहमा आएको छ। सत्ताको खेलका लागि गठबन्धन फेर्ने विकृति त ०७९ साल यता देखिएकै हो, तर अब सरकार टिकाउन पार्टी फुटाउने अर्को घीनलाग्दो फोहोरी खेलमा दलहरु लागेका छन्। र, नयाँ भनिएका दल पनि त्यसैको साक्षी बनेर सरकारमा बसिरहेका छन्। यसले जनतामा दलहरुप्रतिको घृणा अरु बढाउने देखिन्छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# छ करोडको लागतमा तनहुँको बुल्दीखोलामा पुल बन्दै

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ बैशाख

व्यास नगरपालिका-१ र २ जोड्नेगरी कराङकाठ-बसपार्क जाने बुल्दीखोलामा सवार ीसाधन सञ्चालन गर्न मिल्नेगरी पुल निर्माण सुरु भएको छ।

व्यास नगरपालिकाको समपूरक योजनाअन्तर्गत रु छ करोड ११ लाख तीन सय २४ को लागतमा निर्माण सुरु भएको हो। पुल २५ मिटर लम्बाइ र आठ दशमलव ४० मिटर चौडाइको हुनेछ। निर्माणमा करिब २० प्रतिशत भौतिक प्रगति भएको छ। व्यास नगरपालिका-२ क्षेत्रतर्फ पिलर निर्माणको काम अन्तिम चरणमा पुगेको छ। पुल बनेपछि आवागमन सहज हुनुका साथै खोला किनारका करिब एक सय घर संरक्षण हुने सामुदायिक टोल विकास संस्था कराङकाठ बसपार्कका अध्यक्ष सोमनाथ पौडेल बताउनुहुन्छ। विसं २०८२ भदौ २२ गतेभित्र निर्माण सम्पन्न गर्नेगरी निर्माण कम्पनी ज्वालामुखी कन्स्टक्सनसँग सम्झौता भएको व्यास नगरपालिकाको योजना शाखा अधिकृत भेषराज तिवारीले बताउनुभयो।

# कोरला नाकामा विद्युत् विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ बैशाख

मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ स्थित चीनको सिमाना कोरला नाकामा विद्युत् सेवा विस्तार भएको छ।

समुन्द्री सतहदेखि चार हजार सात सय मिटर उचाइमा रहेको कोरला नाकामा यसअघि विद्युत् लाइन पुगे पनि ट्रान्सफर्मर जडान र वितरण नहुँदा सेवा पुगेको थिएन। मुस्ताङसमेत कार्यक्षेत्र भएको नेपाल विद्युत् प्राधिकरणको तातोपानी वितरण केन्द्रका प्रमुख प्रकाश काफ्लेले ट्रान्सफर्मर जडान गरेपछि कोरला नाकामा बिजुली बलेको जानकारी दिनुभयो। "छोसेर हुँदै नेपाल तर्फबाट कोरला नाकामा तीन वर्षअघि नै लाइन लगिए पनि नाका सञ्चालन नभएकाले माग भएको थिएन", उहाँले भन्नुभयो, "गत कात्तिकदेखि सञ्चालनमा आएको कोरला नाकामा विद्युत्को आवश्यकता महसुस भएपछि २५ केभिए क्षमताको ट्रान्सफर्मर राखेर विद्युत् प्रयोग गर्न मिल्ने व्यवस्था मिलाएका छौं।" ट्रान्सफर्मर जडान गर्न सशस्त्र प्रहरी र नेपाल प्रहरीको नेचुङका सुरक्षाकर्मीले सहयोग गरेका प्रमुख काफ्लेले बताउनुभयो। बिजुली सुविधा भएपछि नाकाको सुरक्षामा खटिने सुरक्षाकर्मीलगायत अन्य व्यवसायका लागि जाने व्यवसायीलाई समेत सहज भएको छ। प्रतिकुल मौसमका बावजुद संरचना तयार पारेर विद्युत् आपूर्ति हुने व्यवस्था मिलाइएको तातोपानी वितरण केन्द्रका इञ्जिनीयर उत्तम अधिकारीलेबताउनुभयो।लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्वु गुरुङले विद्युत् पुगेपछि कोरला नाकामा नेपाल टेलिकमसँग समन्वय गरेर मोबाइल सेवा पनि विस्तारको पहल गरिएको बताउनुभयो। मुस्ताङ जिल्लामा प्राधिकरणको स्थानीय कार्यालय नभएकाले म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको घरापमा रहेको तातोपानी वितरण केन्द्रको मातहतमा रही निलगिरि उपभोक्ता सहकारी संस्था लिमिटेडले विद्युत् सेवा दिँदै आइरहेको छ।

# नेपालीको औसत आयु ७१ दशमलव तीन वर्ष

**रासस**
काठमाडौं, २३ बैशाख

राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालीको औसत आयु ७१ दशमलव तीन वर्ष पुगेको जनाएको छ।

राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित 'जनसङ्ख्या साक्षरता' र 'जनसाङ्खिक सूचक' पुस्तक सार्वजनिक गर्दै तथ्याङ्क कार्यालयले उक्त तथ्य सार्वजनिक गरेको हो। कार्यालयले १० वर्षअघिको तुलनामा अहिले नेपालको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्यलगायत अधिकांश सूचक सन्तोषजनक रहेको र औसत आयु बढेको जनाएको छ। यसैगरी, नेपालको वार्षिक जनसङ्ख्या वृद्धिदर यसअघि एक दशमलव ३५ प्रतिशत रहेकामा अहिले घटेर शून्य दशमलव ९२ प्रतिशतमा झरेको छ। तथ्याङ्क कार्यालयका अनुसार अहिले सबैभन्दा बढी लुम्बिनी प्रदेशमा एक दशमलव २४ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम शून्य दशमलव २५ जनसङ्ख्या वृद्धिदर रहेको छ।

पछिल्लो जनगणनाअनुसार नेपालमा एकल परिवार ६० दशमलव एक प्रतिशत र संयुक्त परिवार ३९ दशमलव नौ प्रतिशत रहेको छ। बसाइँसराइ दर सबैभन्दा बढी गण्डकी प्रदेशमा प्रतिलाखमा चार हजार २७ र सबैभन्दा कम बाग्मतीमा ५४ रहेको तथ्याङ्क कार्यालयले जनाएको छ।

प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेलले आज यहाँ विषयगत प्रतिवेदनसहितको दुई पुस्तक सार्वजनिक गर्दै चार सयभन्दा बढी जनसाङ्ख्यिक सूचक समेटेर तयार गरिएको पुस्तक नीतिनिर्माता, अनुसन्धानकर्ता, पत्रकारलगायत आमपाठकलाई उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

तथ्याङ्क कार्यालयका निर्देशक ढुण्डिराज लामिछानेले राष्ट्रिय जनगणना २०७८ को विस्तृत विवरण सार्वजनिक गर्नेक्रममा आगामी आठ महिनाभित्र १६ वटा विषयगत प्रतिवेदन तयार गरी बाहिर ल्याउन लागेको जानकारी दिनुभयो। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ रहेको छ। हरेक १० वर्षमा जनगणना गर्ने व्यवस्था भएबमोजिम यसअघि २०६८ सालमा लिएको जनगणनाअनुसार नेपालको जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ रहेको थियो।

# सुरक्षा पालुवाको स्थापना दिवसमा भवन उद्घाटन एवम् रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख



पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीको कालिकास्थानमा मुख्यालय रही विभिन्न चारवटा सेवाकेन्द्र मार्फत सेवा प्रवाह गरिरहेको सुरक्षा पालुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८ औं स्थापना दिवसको अवसरमा सहकारीको नवनिर्मित भवन उद्घाटन गरिएको छ।

सहकारीद्वारा आयोजित एक कार्यक्रमका बीच पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नवनिर्मित भवनको उद्घाटन गर्नुभएको हो। सहकारीले करिब दुई करोड रुपैयाँको लागतमा आफ्नै भवन निर्माण गरेको हो। कार्यक्रममा महानगर प्रमुख आचार्यले सहकारीले सञ्चालन गरेको रक्तदानमा रक्तादातालाई ब्लड ब्याग हस्तान्तरण गरी रक्तदानको पनि शुभारम्भ गर्नुभयो।

कार्यक्रममा प्रमुख आचार्यले सहकारीका सात सिद्धान्तलाई आत्मसात गर्न सकेमा सहकारी क्षेत्रमा समस्या नआउने बताउँदै केही सहकारीको बदमासीका कारण राम्रो गर्ने सहकारीलाई पनि प्रभावित बनाएको बताउनुभयो। सरकारको तीन खम्बे अर्थनीतिमा सहकारी पनि एउटा महत्वपूर्ण पाटो भएको उल्लेख गर्दै उहाँले यसलाई राम्रोसँग नियमन गर्दै अघि बढ्नु जरुरी भएको बताउनुभयो। सरकारले सहकारीको नियमनलाई जोड दिदै आएको उल्लेख गर्दै प्रमुख आचार्यले यसमा सञ्चालक, बचतकर्ता, कर्जा लिनेहरू सबै आ आफ्ना स्थानमा इमान्दार बन्नुपर्ने बताउनुभयो। जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइरालाले सहकारी बिना समूदायको परिकल्पना गर्न नसकिने बताउनुभयो। केही सहकारीको समस्याले समस्त सहकारी माथिको विश्वासनीयता माथि प्रश्न उठ्न नहुने उहाँको भनाइ छ। सहकारीका प्रमुख कार्यकारी अधिकृत विष्णुप्रसाद अधिकारीले सहकारीको शेयर पूँजी सात करोड ३० लाख रुपैयाँ रहेको र हाल ५६ करोड रुपैयाँ बचत एवम् ५३ करोड रुपैयाँ ऋण लगानी रहेको जानकारी दिनुभयो। उहाँका अनुसार सहकारीले हाल ७४ करोड रुपैयाँको कारोबार तथा विभिन्न कोषमा छ करोड रुपैयाँ रहेको छ। सहकारीका अध्यक्ष टुल्कनाथ आचार्यको अध्यक्षता एवम् सचिव दीपक बानियाद्वारा सञ्चालित कार्यक्रममा सहसचिव शान्तादेवी अधिकारीले सहकारीका सात सिद्धान्त वाचन गर्नुभएको थियो। कार्यक्रममा सहकारीका सल्लाहकारहरू खेमराज पौडेल, केशरप्रसाद निर्दोषी, यज्ञप्रसाद अधिकारी, शिवदत्त तिवारी, बचत संघ कास्कीका सदस्य किरण अधिकारी, बागमारा साकोसका अध्यक्ष तुलसीमणि अधिकारी लगायतले बोल्नुभएको थियो।

# मनाङका दुई अग्ला पहाडमा चट्टान आरोहण परीक्षण

**पोखरापत्र संवाददाता**
मनाङ, २३ बैशाख

विश्वकै जोखिमयुक्त पदमार्गका रूपमा परिचित अन्नपूर्ण पदमार्गअन्तर्गतका अग्ला पहाडमा चट्टान आरोहण (रक क्लाइम्बिङ) परीक्षण गरिएको छ। विकट जिल्ला मनाङको चामे गाउँपालिका-५ छिम्बु भिर र मनाङ डिस्याङ गाउँपालिका-१ भ्राताङ भिरमा चट्टान आरोहण साहसिक खेल परीक्षण गरिएको हो।

पर्यटन बोर्ड गण्डकी प्रदेशबाट अनुमति लिएर दुई फ्रान्सेली नागरिकसहित दुई नेपालीले ती दुई भिरमा खेल परीक्षण गरेका चामे गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो। अन्नपूर्ण पदमार्ग विश्वकै १०औं अग्लो स्थानमा पर्दछ। उहाँले भन्नुभयो, "चट्टान आरोहणलाई यस पदमार्गको साहसिक खेलको गन्तव्यका रूपमा विकास गर्नुपर्छ। यसले पर्यटकीय क्षेत्र मनाङको विकासमा प्राकृतिक सम्पदाको उपयोग पनि हुन्छ। यसमा प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।" गाउँपालिकालाई पर्यटनमार्फत समृद्ध बनाउने लक्ष्यमा साहसिक खेलले टेवापुग्ने भएकाले सहमतिपत्र दिएर नै अगाडि बढिरहेको अध्यक्ष घलेको भनाइ थियो। चामे-५ का वडाध्यक्ष विजय गुरुङले पनि पदमार्गको आकर्षणवृद्धि र पर्यटन प्रवर्द्धनका लागि समेत रक क्लाइम्बिङको विकास तथा प्रचारप्रसारमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

पर्यटकीय क्षेत्रमा यस्ता साहसिक खेलले पर्यटन क्षेत्रको विकास र आगमनवृद्धि हुनुका साथै मनाङको प्रचारप्रसार हुने प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले भनाइ छ। "पालिकाबाटै अनुमति लिएर गरिएको रक क्लाइम्बिङ सफल भयो। सम्भवतः नेपालकै अग्लो भिरमा पहिलोपटक यो रक क्लाइम्बिङ हुनसक्छ", उहाँले भन्नुभयो, "म आफैं पनि आरोहणमा सहभागी भए। यस खेलको माध्यमबाट पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरेको छ। त्यसैले यस मार्गको विकास र साहसिक पदमार्गमा साहसिक खेल प्रवर्द्धनमा जोड दिनुपर्छ।" पाँचदिने आरोहण परीक्षणमा नेपाली, विदेशीसहित पालिकाका जनप्रतिनिधि, स्थानीयलगायतको सहभागिता रहेको थियो। यसबाट पर्यटन व्यवसायी उत्साहित भएका छन्। पर्यटकलाई आकर्षित गर्न प्राकृतिक सम्पदाको उपयोग गर्न सकिएमा यहाँ अझै बढी बाह्य तथा आन्तरिक पर्यटक भित्र्याउन सकिने उहाँहरूको विश्वास छ।

# देवघाटलाई प्रमुख तीर्थस्थलका रुपमा विकास गर्नुपर्ने माग

**पोखरापत्र संवाददाता**
दमौली, २३ बैशाख

तनहुँको देवघाटलाई देवघाटलाई प्रमुख तीर्थस्थलका रुपमा विकास गर्नका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने माग गरिएको छ। देवघाटका जनप्रतिनिधि, स्थानीयवासी र राजनीतिक दलका प्रतिनिधिले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीलाई भेटेर देवघाटलाई मुलुककै पवित्र धार्मिकस्थलको रुपमा घोषणा गर्न माग गरेका हुन्।

देवघाटधाम विश्वका हिन्दू धर्मावलम्बीको गन्तव्यस्थलका रुपमा विकास भइरहेकाले यस ठाउँलाई धार्मिक तीर्थस्थलको घोषणा गर्नुपर्ने माग गरिएको छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) देवघाट गाउँ कमिटीका अध्यक्ष केशवचन्द्र न्यौपानेले देवघाटधामको विकासका लागि आवश्यक बजेट व्यवस्थापनका लागि केन्द्र सरकारलाई पहल गरिदिन मुख्यमन्त्रीलाई भेटेर आग्रह गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यस स्थानमा रहेका पुराना मठमन्दिर, मणिमुकुन्देश्वर चक्रवर्ती मन्दिर, सिन्च्याङगढी, प्याउलीगढी, घण्टाचुली, भर्जन कालिका माई मन्दिरको संरक्षण गर्नुपर्ने आवश्यकता छ। त्यसका लागि बजेट व्यवस्थापनका लागि सङ्घीय सरकारसँग पहलका लागि आग्रह गरेका छौं।" उक्त टोलीले देवघाटका विभिन्न विकासका आयोजनाका लागि आगामी बजेटमा स्रोत सुनिश्चित गरिदिन आग्रह गरेको छ। न्यौपानेका अनुसार गाइघाट जोड्ने त्रिशूली नदीमाथि पक्की पुल निर्माण, देवघाटको साराङघाटमा सेतीनदीमाथि पक्की पुल, देवघाटको प्रवेशद्वारमा रहेको झोलुङ्गे पुल आसपास पक्की पुल निर्माणका लागि बजेट व्यवस्थापन गरिदिन आग्रह गरिएको छ। भरतपुर महानगरपालिका-२ ९ भतेरी र देवघाट गाउँपालिका-५ भुवनटारमा शिलान्यास भइसकेको झोलुङ्गे पुल अलपत्र रहेकाले त्यसलाई पूरा गराउनका लागि आवश्यक बजेट विनियोजन गर्न, बृहत् त्रिशूली नदी दासढुङ्गा सिँचाइ आयोजनाका लागि बजेट व्यवस्थापन गर्न, कालीगण्डकी लिफ्ट सिँचाइ योजनामा बजेट व्यवस्थापन गर्न मुख्यमन्त्रीको ध्यानाकर्षण गराइएको छ।

साथै मदन आश्रित बहुआयामिक उद्यान, मुग्लिन देवघाट वैकल्पिक राजमार्गका रुपमा डिपिआर भएको सडकलाई आवश्यक बजेट, दासढुङ्गा बगन्दी हुँदै गाइघाटसम्मका नयाँ बाटोको ट्र्याक खोल्न, गाइघाट सिन्च्याङ काफलडाँडा भिरकोट सिर्जना मार्गको स्तरोन्नति, देवघाट साउने कर्ताब जोडने फाष्टट्र्याक कार्यलाई निरन्तरता दिन, दासढुङ्गादेखि माथिल्लो कालीमाटी हुँदै मधुवन चोकसम्मको अधुरो कालोपत्र पूरा गराउन आवश्यक बजेटका लागि ध्यानाकर्षण गराइएको न्यौपानेले जानकारी दिनुभयो।

